नेपाल सरकार

# राष्ट्रिय योजना आयोगको सचिवालय

सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्याः
च.नं.

## राष्ट्रिय योजना आयोगका उपाध्यक्ष र संयुक्त राष्ट्रसंघका सहायक महासचिव बीच शिष्टाचार भेट

## प्रेस विज्ञप्ति

काठमाडौं

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष माननीय डा. मीनबहादुर श्रेष्ठसँग नेपाल भ्रमणमा रहेका संयुक्त राष्ट्रसंघका सहायक महासचिब तथा पोषण प्रवर्द्धन (Scaling up Nutrition- SUN) कार्यक्रमका संयोजक गेर्डा भर्बर्ग (Gerda Verburg) ले बिहिबार बिहान आयोगको कार्यालय सिंहदरबारमा शिष्टाचार भेट गर्नुभयो ।

भेटका अबसरमा उहाँहरुबीच नेपालमा पोषणको अवस्था, पोषण प्रवर्द्धनमा सरकार, दातृनिकाय, सामाजिक संघ/संस्था तथा निजी क्षेत्रको भूमिका तथा पोषण प्रवर्द्धनमा अन्तर्राष्ट्रिय अनुभव लगायतका विषयमा छलफल भएको थियो ।

उक्त अबसरमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष माननीय डा. श्रेष्ठले पोषणसम्बन्धी प्रवर्द्धन तथा सचेतनामा सरकार, दातृनिकाय तथा सामाजिक संघ/संस्थाको महत्वपूर्ण भूमिका भएको बताउँदै नेपालले पोषणको क्षेत्रमा अत्यन्त राम्रो प्रगति गरेको र जनतामा पोषणसम्बन्धी सचेतना उल्लेख्य रुपमा अभिवृद्धि हुँदैगएको बताउनुभयो ।

उहाँले नेपालले खुशी र स्वस्थ नागरिक उत्पादन गरिरहेको समेत बताउनुभयो । सो अवसरमा उहाँले नेपालको संघीय स्वरुपको संविधान निर्माण सँगसँगै वार्षिक विकास कार्यक्रमहरुको कार्यान्वयनमा परिवर्तन गर्नुपर्ने भएको र पोषणसम्बन्धी कार्यक्रमको प्रवर्द्धन तथा सचेतनात्मक कार्यक्रममा पनि सरकार, दातृनिकाय तथा सामाजिक संघ/संस्थाको महत्वपूर्ण भूमिका रहेको धारणा व्यक्त गर्नुभयो ।

चालु १४औं योजनाले पोषण लगायत दिगो विकासका लक्ष्यहरु हासिल गर्ने सम्बन्धमा विशेष प्राथमिकता दिएको बताउँदै उहाँले योजना आयोग सन् २०३० सम्ममा नेपाललाई मध्यम आय भएको मुलुकको स्तरमा पुऱ्याउन प्रयत्नशिल रहेको बताउनुभयो ।

उक्त अवसरमा सहायक महासचिब भर्बर्गले नेपालले पोषणको प्रवर्द्धनका क्षेत्रमा उल्लेख्य प्रगति हासिल गरेको बताउँदै यसको प्रवर्द्धनमा सरकारले गैरसरकारी संस्था, सामाजिक संघ/संस्था र निजी क्षेत्रलाई परिचालित गर्नुपर्ने बताउनुभयो । उहाँले पोषण स्वास्थ्य, शिक्षा, नविनता तथा सृजनशीलताको लागि समेत निकै महत्वपूर्ण रहेको बताउनुभयो ।

बैठकमा राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. गीताभक्त जोशी तथा युनिसेफ नेपालका प्रतिनिधिहरुको समेत सहभागिता रहेको थियो ।

तीन दिने नेपाल भ्रमणमा आउनुभएका भर्बर्गले सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका प्रतिनिधिहरुसँग भेट गर्ने कार्यक्रम रहेको छ ।

२०७३ चैत्र २४ गते

फोनः ४२११०३२, ४२१११४३, ४२११००४, ४२११०५३, ४२११६२९, फ्याक्सः ४२११७००, ईमेलः npcs@npc.gov.np वेभसाईटः www.npc.gov.np